नगर कार्यपालिकाको
बैठक संख्या २२/२०७९-०८४
मिति २०८०/०१/२४ को
निर्णय प्रमाणित

बैठक संख्याः २२/२०७९-०८४

मिति २०८० साल बैशाख २४ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

क. नगरपालिकाको दशौं स्थापना दिवस तयारीका लागि गठित विभिन्न उपसमितिहरुबाट सम्पादित कार्यहरुको हालसम्मको प्रगती जानकारी भयो । उपसमितिबाट पेश भई छलफल भएको कार्यतालिका एवं पुरुस्कार प्रमाणपत्रहरुको विवरण स्वीकृत गरियो।

ख. नगरपालिकाको दशौं स्थापना दिवस मिति २०८० बैशाख २५ गते भव्यताका साथ मनाउने कार्यक्रम रहेकाले यस नगरपालिका क्षेत्रमा रहेका सबै सरकारी कार्यालय/ वडा कार्यालय/ स्वास्थ्य संस्था/ शिक्षण संस्था एवं सार्वजनिक निकायहरुलाई मिति २०८० बैशाख २५ गते १(एक) दिन सार्वजनिक बिदा दिने । सार्बजनिक बिदा भएता पनि नगरपालिकाले प्रदान गर्ने आकस्मिक एवं अत्यावश्यकीय सेवा प्रवाह गर्ने र यस नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण शिक्षक, कर्मचारी एवं पदाधिकारीहरु सरकारी/ औपचारिक पोशाकमा नगरपालिका स्थापना दिवस कार्यक्रम स्थल(नगर कार्यपालिकाको कार्यालय प्राङ्गण) मा अनिवार्य उपस्थित हुन सूचित गर्ने ।

निर्णय नं. २

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमीको निर्णयानुसार विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री जन ज्ञानज्योति मा.बि. कौशिलानगर र श्री कृष्ण मा.बि. कौशिलानगरलाई ICT कार्यक्रम परी सामाग्री खरिदका लागी शिक्षा तथा मानवस्रोत विकास केन्द्रले स्पेसिफिकेसनको सूचना समेत प्रकाशित गरेकोमा उक्त स्पेसिफिकेसन अन्तर्गत स्मार्ट बोर्ड बाहेकका सामाग्रीहरु विद्यालयमा आवश्यक नभएकाले उक्त विनियोजित बजेटबाट २ वटा स्मार्ट बोर्ड खरिदका लागि सहजिकरणका लागी अनुरोध भई विद्यालय व्यवस्थापन समितिको निर्णय सहित आएकाले उक्त विद्यालयहरुलाई विद्यालयमा मौजुदा सामग्री खरिद नगरी वि.व्य.समितिको निर्णयानुसारको २(दुई) वटा स्मार्ट बोर्ड खरिद प्रक्रिया अगाडी बढाउन सहमति दिने ।

निर्णय नं. ३

राष्ट्रिय भूमी आयोगको भुमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस नगरपालिका अन्तर्गत तपसिलका वडाहरुमा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको भुमिसुधार तथा मालपोत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

नगर कार्यपालिकाको
बैठक संख्या ८२।२०७९।०८०
मिति २०८०।०१।२४ को
निर्णय प्रमाणित

कार्यालय, बाँकेबाट भेरिफिकेसन भई आएको विवरण बमोजिमको जग्गाको नापी कार्यका लागी विवरण सहित राष्ट्रिय भुमी आयोग, जिल्ला कार्यसमिति बाँकेलाई अनुरोध गर्ने ।

तपसिलः

| सि.नं. | वडा नं. | भुमिहिन दलित, भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी |
|---|---|---|---|
| १ | १५ | ५७ जना | ७०४ जना |
| २ | ८ | ९२ जना (पेज संख्या १६) | ४१९ जना (पेज संख्या ४२) |
| ३ | १४ | ९५ जना | ७१४ जना |
| ४ | ११ | ९६ जना(पेज संख्या १३ ) | ८७६(पेज संख्या ३२) |

निर्णय नं. ४

यस नगरपालिकाको आ.ब. २०७९/०८० स्वास्थ्य तर्फ विनियोजित बजेटबाट आयुर्वेद स्वास्थ्य सेवा केन्द्रमा रकम अपुग भई अत्यावश्यक औषधी खरिदमा कठिनाई भएकाले सि.नं. ३०४ 'अगुवा कृषकहरुलाई जडिबुटी सम्बन्धी अभिमुखिकरण' बाट रु.१(एक) लाख र सि.नं. ३२९ 'आधारभुत स्वास्थ्य सेवाको लागि निःशुल्क औषधी खरिद' शीर्षकबाट रु.२(दुई) लाख गरी जम्मा रु.३(तीन) लाख सि.नं. ३०६ 'आयुर्वेद औषधी खरिद' मा रकमान्तर गरी आयुर्वेद स्वास्थ्य सेवा केन्द्रका लागी आवश्यक औषधी खरिद गर्ने ।

निर्णय नं. ५

क. यस नगरपालिकाको लागि सुरक्षित आप्रबासन सम्बन्धी कार्यबिधी, २०७९ यस अघिको कार्यपालिका बैठकमा टेबुल भई थप छलफलका लागि विधायन समितिमा पठाइएकोमा विधायन समितिबाट निर्णय भई प्राप्त भएको सुरक्षित आप्रबासन सम्बन्धी कार्यबिधी, २०७९ स्वीकृत गर्ने ।

ख. यस नगरपालिका भित्र सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन कार्यबिधी, २०८० को मस्यौदा टेबुल भएकोमा प्राप्त राय सुझाव समेटी विधायन समितिबाट निर्णय भई पेश भएको कोहलपुर सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन कार्यबिधी, २०८० स्वीकृत गर्ने ।

निर्णय नं. ६

नेपाल विद्युत प्राधिकरणले यस नगरपालिकाको नवनिर्मित बसपार्कमा विद्युतीय सवारी चार्जिङ्ग स्टेशन निर्माण, संचालन तथा व्यवस्थापन कार्यको जिम्मेवारी विद्युत प्राधिकरणले नै गर्ने र विद्युतीय चार्जिङ्ग स्टेशन सञ्चालन गर्न दिए वापत नगरपालिकालाई मुनाफाको ५०% रकम उपलब्ध गराउने गरी द्वीपक्षीय सम्झौता गरी नेपाल विद्युत प्राधिकरणसँग सवारी साधन चार्जिङ्ग स्टेशन सञ्चालन अनुमति दिने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २२/२०७९-०८०
मिति २०८०।१।२४ को
निर्णय प्रमाणित

निर्णय नं. ७

कोहलपुर नगरपालिका ११ नं. वडा कार्यालयको नवनिर्मित कार्यालय भवनमा कागजपत्र फाइलहरु सुरक्षित राख्नका लागि आल्मिनियम पार्टिसन, दराज, ढोका निर्माण एवं मर्मत कार्यको पुनः मूल्याङ्कन गरी रु.३(तीन) लाखमा नबढने गरी चालु आ.ब. २०७९/०८० को भैपरी आउने चालु खर्च शीर्षकबाट भुक्तानी गर्ने ।

निर्णय नं. ८

क. ठेक्का नं BANKE/KOMUN/W/NCB-16/2079/080 को राजमार्ग जोड्ने सडक कालोपत्रे वडा नं. २ स्थित धुर्व आचार्यको घरदेखि कमल शाहीको घरसम्मको अधुरो नाला पुरा गर्नका लागि Variation Order गर्नुपर्ने भएकाले उक्त भेरियशन बराबरको रकम रु.२,९९,१६८।५४ नगरपालिकामा चालु आ.ब. २०७९/०८० मा पुँजीगत तर्फ बिनियोजित उपयुक्त शीर्षकबाट भूक्तानी हुने गरी अघि बढाउने ।

ख. कोहलपुर नगरपालिका वडा नं. १० विद्यानगर स्थित राजमार्ग राधा प्रतिक्षालयदेखि भित्र नमस्ते नेपाल जाने सडक कालोपत्रे र वडा नं. ४ वेडनपुर गाउँमा नाली निर्माणको अपुरो कार्य तत्काल गर्नुपर्ने भएकोले सो कार्य गरी नगरपालिकाको चालु आर्थिक वर्षमा पूर्वाधार तर्फ विनियोजित जुनसुकै बजेट शीर्षकबाट भुक्तानी गर्ने ।

निर्णय नं. ९

यस नगरपालिकाको बसपार्क व्यवस्थापन कार्यबिधीमा सम्झौता अवधि र भाडा बृद्धिको विषयमा उल्लेख नभएको हुँदा पहिलो पटक ५(पाँच) वर्षको लागि सम्झौता गर्ने र प्रत्येक २/२ वर्षमा १०% ले भाडा बृद्धि हुने व्यवस्था गर्ने ।

निर्णय नं. १०

चालु आर्थिक वर्षको लागि यस नगरपालिकाको औषधि खरिद तर्फको ठेक्का नं. BANKE /KOMUN/G/NCB-03/079/080 बाट खरिद गरिएकोमा सो परिमाण सकिई औषधि अभाव भएकोले ३(तीन) महिनालाई पुग्ने औषधि लागत अनुमानमा जति घट भई सम्झौता भएको छ सोही दररेटमा नबढ्ने गरी सो फर्म वा अन्य फर्म/ कम्पनीबाट सोझै खरिद गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत